# कानुन व्यवसायी र लेखापरीक्षक तथा सो सम्वन्धी सेवा प्रदान गर्ने फर्म वा कम्पनीहरुलाई सूचिकृत हुने वारे अत्यन्त जरुरी सूचना

यस कार्यालयमा दर्ता रहेका विभिन्न कम्पनीहरुको निरीक्षण कार्य गर्न गराउनका लागि व्यवसायीक रुपमा काम गरिरहेका तपशिल अनुसारका योग्यता पुगेका ईच्छुक कानून व्यवसायी, लेखापरीक्षक तथा सो सम्वन्धी सेवा प्रदान गर्ने फर्म वा कम्पनीहरुले सूचीकृत हुनका लागि तपशिलमा उल्लेखित योग्यताको प्रमाणपत्रको प्रतिलिपी सहितको विवरण संलग्न गरी मिति २०७४।१२।१५ गते सम्म कार्यालय समयभित्रमा यस कार्यालयमा निवेदन पेश गर्नु हुन मिति २०७४।११।२२ को निर्णयानुसार सूचित गरिएको छ ।

## सूचिकृत हुन चाहने कानून व्यवसायी तथा लेखापरीक्षक तथा सो सम्वन्धी सेवा प्रदान गर्ने फर्म वा कम्पनीहरुले खुलाउनु तथा पेश गर्नुपर्ने विवरणहरु

| क्र.सं. | परिचय | कानून व्यवसायी | लेखा परीक्षक |
|---|---|---|---|
| १ | नाम थर | | |
| २ | ठेगाना | ठेगाना (पत्राचार गर्ने, फोन नं., ईमेल) | ठेगाना (पत्राचार गर्ने, फोन नं., ईमेल) |
| ३ | योग्यता | कानूनमा स्नातक वा स्नातकोत्तर गरी अधिवक्ता वा वरिष्ठ अधिवक्ताको प्रमाणपत्र प्राप्त (वाणिज्य कानून लिई अध्ययन गरेकालाई ग्राह्यता दिईनेछ) | वाणिज्यशास्त्र वा अर्थशास्त्रमा स्नातक वा स्नातकोत्तर गरी लेखापरीक्षण व्यवसाय गर्ने प्रमाणपत्र वा ईजाजत प्राप्त गरेको |
| ४ | फर्म/कम्पनीको हकमा फर्म/कम्पनी दर्ता | फर्म/कम्पनी दर्ता प्रमाणपत्रको फोटोकपी ( पछिल्लो आ.ब. मा नविकरण भएको ) | फर्म/कम्पनी दर्ता प्रमाणपत्रको फोटोकपी ( पछिल्लो आ.व. मा नविकरण भएको ) |
| ५ | स्थायी लेखा नं. | स्थायी लेखा दर्ता प्रमाणपत्रको फोटोकपी | स्थायी लेखा दर्ता प्रमाणपत्रको फोटोकपी |
| ६ | कर चुक्ता | पछिल्लो आ.व. सम्मको कर चुक्ता भएको प्रमाण | पछिल्लो आ.व. सम्मको कर चुक्ता भएको प्रमाण |
| ७ | व्यवसायीक प्रमाणपत्र | अधिवक्ताको प्रमाणपत्रको फोटोकपी | लेखापरीक्षक/चार्टर्ड एकाउण्टेण्टको प्रमाणपत्रको फोटोकपी |

(पुनश्चः सूचिकृत हुनका लागि गतवर्षको मिति २०७३।११।२७ मा प्रकाशित सूचना अनुसार सूचिकृत भईसकेका व्यक्ति तथा फर्महरुको रोष्टर कायमै रहेको हुंदा त्यस्ता सूचिकृत व्यक्ति तथा फर्महरुले यो सूचना अनुसार पुनः आवेदन पेश गरिरहनु नपर्ने तर नविकरण सम्वन्धी कागजात भने पेश गर्नु पर्ने व्यहोरा समेत अनुरोध छ ।)

०७४।११।२८

सहायक रजिष्ट्रार